
# नूह





यो नूह र उनको परिवारको विवरण हो।
जब पृथ्वीमा मानवजाति बढ्दै गए, तब तिनीहरूले आफ्नो मुहार परमेश्वर देखि फर्काए।
परमेश्वरले यो देख्नुभयो, र दु:खित हुनुभयो।
तर परमेश्वरले नूहलाई देख्नुभयो....
नूहका तीन छोराहरू थिए : शेम, हाम र येपेत।
चाँडो गरौँ भाइहरू। हामीलाई चाहिएको थोकहरू लिएर
यी थोकहरू बुबाले हामीलाई किन्न भन्नुभएको? मैले त यी कुराहरू कहिल्यै देखेको छैन।
उहाँले एउटा सम्भावित घटनाको लागि काम गर्दै हुनुहुन्छ। काम लगभग सकिसक्यो!

उत्पत्ति ६-९



सुन्नुहोस् त सज्जनहरू !
मसँग पुरुष र स्त्रीहरूको यस्तो शानदार सूची छ जसलेतपाईंका कुनै पनि खाँचोहरू पूरा गर्नसक्छ....
हामी यहाँ दास हेर्न आएका होइनौं ।
तिनीहरू ताजा छन् ! भर्खरै हाम्रा मुखियाले पक्रेर...
रुचि छैन !
हे, नूहका छोराहरू हो, मेरो विचारमा तपाईंलाई दासहरू चाहिएको छ नै !
तपाईंहरूले आफ्नो बुबाको लागि निर्माण गर्न लाग्नुभएको त्यो किल्लालाई विचार गर्दा त चाहिन्छ सक्छ !
सायद नूहले दासहरू चाहिन्छ भन्ने महसूस गरेका छैनन् । उसका आफ्नै छोराहरू नै छन् नि !
तिनीहरूको कुरालाई वास्ता नगरौं ।
तिनीहरूले कुरा नबुझेको कारण तिनीहरू हाँस्छन् ।
शेम, मैले कुरा बुझेँ कि बुझिन, मलाई पक्का थाहा छैन !
येपेत, तिमी यहीं बस । हामी लोहारसँग मोलतोल गरेर फर्कन्छौं ।
ठीक छ
तिमीसँग खर्च गर्नका लागि केही पैसा होला नि ।
अँहँ छैन, महोदय ।
मेरो मतलब, मसित छ तर यसमा खर्च गर्न होइन...
महोदय, मेरो विवाह भैसक्यो ।
मैले सम्पर्क गर्ने मानिसहरू प्रायः विवाहित नै हुन्छन् ।
मेरो विश्वास गर्नुहोस् । तपाईंका घोडाहरू र बगाल यहीं छोडेर मसित आउनुहोस् ।
अँहँ, म सक्तिनँ । हामीलाई यी चाहिन्छ ।
ठीकै छ, तपाईंलाई एउटा मौका थियो....

उत्पत्ति ६:१-१०


...दुई ओटै गाईहरू ? के जिस्किरहेको ?
हामीलाई चाहिएको अरू कुराहरू पनि छन् ।
सारा गाउँ भरिमा यो एकदम राम्रो मूल्य हो, यसमा कुनै शंकै छैन र यो उत्तम शिल्पकारिता हो भन्ने बारेमा पनि कुनै शंकै मान्नुपर्दैन ।
सुन्नुहोस्,तपाईँका बुबाले यहाँ उत्तम किसिमका वस्तुभाउहरू पाल्नुभएको छ, म त्यो मान्छु ।
तर, मेरा चारओटी पत्नीहरू र आठ जना सन्तानहरूछन्, तीन ओटी त पोहोर सालमा जन्मेका थिए ।
एइ ! के भयो, उफ् ! ! !
येपेत !!!
ऊ कहाँ छ ?
येपेत !!!
येपेत, तिमी ठीकै छौ ?
घोडाहरू र गाइवस्तुहरू !
के भयो ?
त्यो स्त्री.... त्यो यहीँ थिई.... तर म उत्रसित गइनँ....
अनि मलाई कसैले पछाडिबाट हिर्कायो अनि......
तिनीहरू खै कता गए, मैले तिनीहरूलाई कतै पनि देखिनँ ।
तिनीहरू त्यति टाढा गएका छैनन् होला । के हामी तिनीहरूलाई खोज्दै जाऊँ ?
हाम्रा हतियारहरू भएका भए म त्यसै गर्ने थिएँ तर हाम्रा तरवारहरू त...
घोडामाथि थिए....
तिमी जीवितै छौ, यसैमा खुशी होऊ । तिनीहरूले सजिलैसँग तिम्रो मुटु भित्रकि दिनसक्ने थिए ।
हामी अब रित्तै घर फर्किनुपर्ने भयो ।
हामी रित्तो पेट लिएर त नफर्किऔँ है ।
मेरो थैलीमा केही पैसा छ ।

उत्पत्ति ६:११



खाना र दाखमद्य दुवै कि दाखमद्य मात्रै ?
हाम्रो खाना....
...घोडामाथि थिए ।
दुवै दिनुहोस् ।
मलाई एकदमै माफ गर्नुहोस्...
चुप लाग येपेत ! यो तिम्रो गल्ती होइन नि ।
सबै जना यता हेर्नुहोस् ! नूहका छोराहरूलाई !
संसारकै सबैभन्दा ठूलो जहाजका निर्माणकर्ताहरू !
जब तिनीहरूले सुक्खा भूमिमा जहाज बनाइ सिध्याउनेछन्, तब तिनीहरूको अर्को वास्तुकला हुनेछ : पाँचसय घोडाहरू अटाउने एउटा तबेला...
"तालको मुनि !
अनि त्यसपछि, संसारको सबैभन्दा अग्लो धरहरा...
...त्यो चाहिँ गुफामा !
राम्रै भयो, हाम्रा तरवारहरू घोडासँग छन् ।
अब हाम !
हामीलाई किन ठट्टामा किन उडाइरहेका छन् म बुझ्न सकिरहेको छैन । हाम्रो कुरामाथि विश्वास गरेका भए तिनीहरू मनुपर्ने थिएनन् नि.....
यदि तिनीहरूका पापको विरूद्ध परमेश्वरको क्रोध खनिनेछ भनी तिनीहरूले जानेका भए...
...तिनीहरूले अझै पाप गरि नै रहने थिए ।
बुबाले कतिचोटि तिनीहरूलाई भनिसक्नु भयो । के तिनीहरूले बुबाको कुरा सुने र ?
अब बुबाले के गर्नुहुन्छ होला ?
एइ ! ए तिमीहरू दुईजना !
तिमीहरू दु:ख पाउन समस्या खोजिरहेका छौ कि के हो, हँ नूहका छोराहरू ?
होइन, हामी तिमीहरूलाई उपहार दिन चाहान्छौँ ।


उपहार ?
उपहार ।
समझशक्ति र ज्ञानको उपहार !
एइ ?
तिनीहरूलाई बताइदेऊ...
हाम, यसले के उद्देश्य पूरा गर्ला र ?
केवल बताइदेऊ न ।
बुबाले तिनीहरूलाई पहिल्यै बताइसक्नु भएकोछ नि, तिनीहरूले उहाँलाई ठट्टामा उडाए । तिनीहरूले मलाई पनि ठट्टामा उडाउनेछन् ।
शेम, तिमी बताऊ ।
बुबाले पनि त्यस्तै गर्नेथिए, होइन र ?
हुनसक्छ, यो पालि उनीहरूले सुन्नेछन् ।
मेरो कथा सुन्नुहोस् ।
मेरा बुबाको कथा ।
उहाँका वचनहरूलाई ध्यान दिनुहोस्, किनकि यो तपाईंको पनि कथा हो....
तपाईंहरूलाई थाहै छ कि हाम्रा प्रथम अभिभावकको समयदेखि नै मानिसको दुष्टता कति बढ्दै गएको छ...
"परमेश्वरले तिनीहरूलाई दिनुभएको एउटै व्यवस्थालाई भङ्ग गरेर तिनीहरूले संसारमा पाप ल्याए ।"
"त्यही दिनदेखि नै हामी हरेकले परमेश्वरको विरुद्धमा पिठ्यूँ फर्काउँदै आएका छौं ।"


"त्यसैले हामीमध्ये हरेकले छनोट गर्नुपर्छ,के हामी परमेश्वर र उहाँका मार्गहरू पछ्याउछौं ?"
"वा हामी आफ्नै मार्गमा लाग्छौं ?
"आदम र हब्बाका छोराहरू र तिनीहरूको छनोटलाई विचार गर्नोस्"
"हाबिलले परमेश्वरलाई सम्पूर्ण हृदयका साथ नम्रतापूर्वक सेवा गरे ।
"र कयिनले ईर्ष्या र घमन्डका साथ आफ्नै सेवा गरे ।
"हामी हरेकले पनि यो छनोट गर्नुपर्छ ! र परमेश्वरले तपाईंहरूको छनोट देख्नुभएको छ ! तपाईंहरूको दुष्टता !
जसरी मानवजातिको हृदय उहाँदेखि तर्केर गएको छ, त्यसरी नै परमेश्वरको हृदय पनि एउटा पिताको हृदय जस्तै पीडाले भरिएको छ ।
त्यसैले परमेश्वरले भन्नुभएको छ, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु किनकि ती बनाएकोमा मलाई दु:ख लागेको छ ।"
हे, नूहका छोरा, तिमीलाई परमेश्वरको विचार कसरी थाहा भयो नि ?
किनभने तिमीले भनेझैं म "नूहका छोरा" हुँ ।
"तिमीले मेरो बुबा नूहलाई त चिन्छौ नि ।
"उहाँ निष्कलङ्क मानिस हुनुहुन्छ भनी तिमी चिन्छौ जसले मानिसलाई आदर गर्नुहुन्छ र परमेश्वरको डर मान्नुहुन्छ ।
"उहाँ धर्मी र दोषरहित हुनुहुन्छ भनी तिमी चिन्छौ ।
"सिद्ध त होइन तर उहाँ यत्नसहित हाम्रा सृष्टिकर्ताको सेवा गर्ने व्यक्ति हुनुहुन्छ ।
र यसरी नै परमेश्वरले पनि उहाँलाई चिन्नुहुन्छ ।
"र परमेश्वरले मेरा बुबासित बोल्नुभयो.....
नूह, म सबै मानिसहरूको अन्त्य गर्न गइरहेको छु किनकि पृथ्वी तिनीहरूको उपद्रोले भरिएको छ ।
म निश्चय नै तिनीहरूलाई पृथ्वीसमेत नाश गर्नेछु ।
त्यसैले खोपेर गोपेर काठको एउटा जहाज बना, त्यसमा कोठा-कोठा बना र त्यसलाई भित्र बाहिर अलकत्रले लिप्नू ।
तैंले त्यसलाई यसरी बनाउनू..

उत्पत्ति ६:१३


अनि उहाँले यो तीनओटा तल्ला भएको छाना सहितको ४५० फिट लम्बाई, ७५ फिट चौडाई, र ४५ फिट उचाई भएको हुनुपर्छ भनेर भन्नुभयो !
अनि बाहिर परमेश्वरले यस पृथ्वीलाई जलप्रलयद्वारा नाश गर्दै गर्नुहुँदा हामी चाहिँ भित्र हुनेछौं ? हाम्रो परिवारको लागि त्यत्रो ठूलो जहाज ?
ए, मैले तिमीलाई जनावरहरूको बारेमा त बताएकै छैन !
जनावरहरू ?
हरेक जातका भाले पोथी गरी दुई दुई गरी हामीसँग शरण लिन आउनेछन् !
नूह ! यी सबै कुरा बकवास जस्तो लाग्छ ! तापनि तपाईं माथि विश्वास गर्न सकिने एउटा कुरा चाहिँ के हो भने...
म जान्दछु तपाईं एउटा बुद्धिमान् व्यक्ति हुनुहुन्छ, त्यसैले तपाईं भ्रममा पर्नुभएको छैन ।
र तपाईं एउटा असल मानिस हुनुहुन्न, त्यसैले भूट्टो बोल्नुहुन्न ।
परमेश्वरले तपाईंसँग बोल्नुभएकै हुनुपर्छ, किनकि यस संसारमा अरू कसले उहाँको कुरा सुन्न सक्छ र ?
अनि नूहले परमेश्वरले भन्नु भएअनुसार गरे ।



यो सुरुवात हो !
यो राम्रो सुरुवात हो ! अब काममा फर्किनु राम्रो हुन्छ !
दिनहरू बित्दै महिना पनि बित्न लागे........
महिनाहरू बित्दै वर्षहरू पनि बित्न लागे...



नूह ! नूह ! के भयो अनुमान गर्नुहोस् त ?
अन्त्यमा तपाईंले यस परियोजनाको लागि सहायता पाउन लागिरहनु भएको छ !
प्रिय, हामी कसैलाई काममा लगाउने छैनौँ वा कसैको सहायता लिनेछैनौँ भनी मैले तिमीलाई भनेकै थिएँ त !
मेरो मतलब त्यो होइन !
त्यसो भए के....
ए...
ए !!!
ड्याङ
तिम्रो मतलब....
हो, नूह !
हो !!!
"मेरा भाइहरू र म यही जहाजमा जन्मेका थियौँ ।
"हामीले बोल्न जान्न थालेको बेलादेखि नै हामीले बुबाको मिशनको बारेमा जान्यौँ ।
"हामीले नबुझेका धेरै कुरा थियो ।
"हामीले हिँड्न थालेदेखि नै उहाँको दर्शनलाई पछ्याउन थाल्यौँ ।
"तर हामीले यति कुरा बुझेका थियौँ : यदि परमेश्वरले हाम्रो बुबालाई जहाज बनाउन भन्नुभएको हो र हाम्रो परिवारलाई बचाउन भन्नुभएको हो भने यो काम पूरा गर्न हामी पूरा सामर्थ्य लगाउनेछौँ ।


"मेरा भाइहरू र मैले त्यस्ता पत्नीहरू पायौँ जसले मेरा पिता र उहाँको मिसनलाई कदर गरे ।
"अनि जुन काम हामीले गर्‍यौँ, परिवार मिलेर गर्‍यौँ ।"
परिवार ? हो ! बेमेलको परिवार !
तिमीहरूका स्वास्नीहरूले सहाराको लागि अन्त कतै लोग्ने पाएनन् !
त्यसैले तिनीहरूलाई तर्साएर तिमीहरूसित बिहे गर्न लगाउने उपाय तिमीहरूले निकाल्यौ !
हाम्रा पत्नीहरूले हामीलाई खुशीका साथ सहयोग गर्छन् र पानी पर्न थालेपछि तिनीहरू खुशीका साथ जहाजभित्र आउनेछन् ।
"मसँग बिहे गर, नत्र हुन लागेको जलप्रलयमा मर !"
जस्तो बाबु, उस्तै छोराहरू !
नूहका छोराहरू हो, तिमीहरूले आफ्नो जीवन त्यत्तिकै खेर फालेका छौ ।
र सायद हामीले पनि ! तर कम्तीमा हामीले असल स्त्रीहरू, असल दाखमद्य र राम्रो समयमा जीवन बिताउँदैछौँ ।
माफ गर, भाइ ! मैले तिमीलाई प्रचार गर्न हौसला दिनु हुँदैनथ्यो ।
येपेत, खेद प्रकट गर्नुपर्दैन । तिनीहरू दुष्ट र मूर्ख मानिसहरू हुन् ।
तिनीहरू बुझ्नै चाहँदैनन् ।
भाइ हो, हामी घर जाऔँ । येपेत, यसको क्षतिपूर्ति अब तिम्री पत्नीले हामीलाई मीठो सुरुवा पकाएर खुवाउनु पर्नेछ । तिनी साह्रै मीठो पकाउँछिन् ।

उत्पत्ति ६:१८


शेम, खोइ त सामानहरू ?
हामी लुटियौँ । दिनको उज्यालोमा !
हामी पनि तिमीहरूसित आउनुपर्ने थियो ।
अब, तिमीहरूलाई थाहा भयो नि तिमीहरू सहरमा सुरक्षित छैनौँ भनेर ।
हामी भाग्यमानी छौँ हामी लुटियौँ मात्र ।
तिमीलाई चोट पनि लागेको छ कि ?
बडो दुःखलाग्दो कुरा ! त्यस गाउँका मानिसहरूले के हुन गइरहेको छ भन्ने बारेमा थुप्रै चेतावनीहरू सुनेका छन् तर तिनीहरू बुझ्नै चाहाँदैनन् ! तिनीहरूले गर्ने कुराहरू....
आमा, हामीले वस्तुभाउ गुमायौँ र बुबाले भन्नुभएको सामानहरू पनि ल्याउन सकेनौँ ।
बाबुहरू हो, तिमीहरूलाई देख्न पाएकोमै म खुशी छु ।
तिमीहरू उत्तरतिरको गाउँमा नगएकोमा राम्रो भयो । तिनीहरूलाई हिजो मात्रै पहाडी जनजातिका मानिसहरूले हत्या गरे ।
तिमीहरू कतै त्यसमा पऱ्यौ कि भनेर मलाई डर लागेको थियो ।
तिमीहरूका बुबा माथि हुनुहुन्छ । उहाँलाई तिमीहरूको सहायताको खाँचो छ ।
उत्पत्ति ६:५


बुबा, आज तपाईँलाई कुन ठाउँमा हाम्रो सहायता चाहिन्छ ?
डुङग
हा ! हा हा हा हा !!!
सहायता ? मलाई तिमीहरूको सहायता चाहिँदैन ! अब चाहिँदैन !
चाहिँदैन ?
हामीले काम सक्यौँ !
हामीले काम सक्यौँ !
जहाज बनाएर त्यसमा सबै किसिमको खानेकुरा भण्डारन गर्नु भनेर परमेश्वरले नूहलाई भन्नुभएको एक सय बीस वर्ष बित्यो !


अनि जहाज बनाइ सिद्धिसकेपछि परमेश्वर नूहसित एकपल्ट फेरि बोल्नुभयो ।
यो काम सकिन्छ भनेर कहिल्यै कल्पना गरिएन !
मेरो जीवनभरि !
भोलि हामी के गर्न गइरहेका छौं ?
आज राति अझै काठहरू काटिरहेको सपना म देख्नेछु भनी म बाजी नै मार्छु !
चुप लाग ! सबै जना !
नूह, मैले तपाईंलाई पानी मगाएकी थिएँ, त्यो कहाँ छ ?
पानी कहाँ छ भनेर तिमीले मलाई सोधेकी ? हा ! त्यो त आउँदैछ नि !
मैले फेरि परमेश्वरको आवाज सुनेँ !
उहाँले मलाई तिमीहरूलाई जहाजभित्र लिएर जानू भनेर भन्नुभएको छ ।
हामीले सात सात जोडी प्रत्येक जनावरका शुद्ध भाले पोथी पनि हामीसँगै लिएर जानुपर्छ ।
–र प्रत्येक जातका अशुद्ध जनावरका भाले र पोथी पनि ।
पृथ्वीमा तिनीहरूका प्रत्येक जातका पशु पन्छीहरूलाई जीवित राख्न हामीले यसो गर्नुपर्छ ।
"आजको सात दिनपछि उहाँले चालीस दिन र चालीस रात पृथ्वीमा पानी बर्साउनुहुनेछ !"
"उहाँले पृथ्वीमा आफूले बनाउनुभएको जीवित जीवात्हरूलाई कसरी मेटाइदिनुहुनेछ भनी उहाँले मलाई फेरि बताउनुभयो । "
हामीहरूले कसरी यत्रो विधि जनावरहरूलाई खोजेर जम्मा गर्ने ?
के हाम्रो काम कहिल्यै सकिएला ?
सात दिन !
सात दिन !?

उत्पत्ति ६:१९-२२


भित्र पस, ए भेडाहरू !
भाइहरू ! हाम्रा आफ्नै भेडाहरू जहाजभित्र पस्न मान्दैनन् भने त्यत्रा जनावरहरूलाई जम्मा गरेर भित्र हुल्न कसरी परमेश्वरले हामीबाट आशा गर्न सक्नुहुन्छ र ?
हामीले भेडाहरू चराउँदा कहिल्यै यो समस्या भएको थिएन !
अहिले हेर त, सातओटा भित्र गइरहेका छन् !
हामी तिनीहरूलाई डोऱ्याइरहेका त छैनौँ,तिनीहरूलाई कसैले भित्र डोऱ्याइरहेको जस्तो पो देखिन्छ त !
त्यति मात्रै होइन !
जनावरहरूले यसो गर्नु स्वभाविक कुरा त होइन !
कुरा ठीक हो !


उत्पत्ति ६:१९-२०


आज पनि जनावरहरूलाई हेर्न एउटा भीड जम्मा भएको थियो, गएका ६ दिनहरू जस्तै ।
अब पनि तिनीहरूले कसरी शंका गर्न सक्छन् ?
छोरा, तिनीहरूले छनोट गरिसकेका छन् ।
तिनीहरूले पहिल्यै विश्वास नगर्ने छनोट गरे र अहिले पनि विश्वास नगर्ने निर्णय गरेका छन् ।
यही कुरा मैले बुझ्न सकेको छैन ।
परमेश्वरले नै यी जनावरहरूलाई हामीकहाँ ल्याइरहनुभएको छ ।
उहाँ अति शक्तिशाली हुनुहुन्छ, मेरो मतलब, उहाँले नै सारा संसारलाई सृष्टि गर्नुभयो ।
उहाँले किन हाम्रो लागि जहाज पनि बनाउनुभएन त ?
छोरा, यस विषयमा मैले पनि धेरै वर्ष सोचेँ ।
यी जनावरहरूलाई हेर त । तिनीहरू आए किनभने परमेश्वरले नै तिनीहरूलाई आउन बाध्य तुल्याउनुभएको छ ।
तर हामीलाई चाहिँ होइन । यो जहाज बनाउन परमेश्वरले मलाई अह्राउनुभयो र त्यसभित्र मेरो परिवारलाई ल्याउन भन्नुभयो ।
उहाँले मलाई निर्देशनहरू दिनुभयो । निर्देशनहरू दिनुहुँदा उहाँले मलाई एउटा छनोट दिनुभयो ।
सबैजना ओछ्यानमा जाओ !
हामीले यतिका वर्षहरू गरेको काम भोलि पूरा हुन्छ ।
हामीलाई अब आराम पनि त चाहिन्छ नि !
त्यसो भए बुबाले के चुन्नुहुनेछ भनेर परमेश्वरले जान्नुभएकोले उहाँले बुबालाई चुन्नुभएको हो त ?
म यो जान्दछु भनी म दाबी गर्दिनँ । म यति मात्र जान्दछु कि हामीले पनि छनोट मात्र गरेका हौँ ।
र आज मैले थाहा पाएँ कि मैले ठीक छनोट गरेको रहेछु ।
परमेश्वरले भन्नुभए अनुसार नै सबै कुरा हुन आयो । सास फेर्ने हरेक दुई जीवित जिवात्माबाट नै जीवनको सास आयो.....


...र सातौँ दिनमा...
खै त मैले कुनै जनावरहरू देखिनँ त।
जहाजमा कति हजार जनावरहरू पुगे ?
मैले बीस देखि गन्न पनि छोडिदिएँ।
बीस हजार ?
होइन, बीस मात्रै। त्यही बेला यो त मैले कल्पना गरेभन्दा धेरै हुनेछ भनी मैले महसूस गरेँ।
तिनीहरूलाई हेर त।
अझै पनि तिनीहरूले विश्वास गरेका छैनन्, होइन र ?
आज नै त्यो दिन हो !
ढोका अझै खुल्ला छ !
मूर्खहरू !
सोच त तिमीहरू त्यहाँ कति दुर्गन्धमा बस्नुपर्नेछ अब।
त्यहाँ पाँच मिनेट मात्रै बस्यो भने, गोबरको गन्धको कारण एक हप्तासम्म कुनै स्त्री तिमीहरूको नजीक पनि आउनेछैनन् !
कमसेकम तब तिमीहरूसित बहाना गर्ने मौका त हुनेछ !
अवश्य, तिनीहरूले भन्ने गरेका छन् नि, शरीरको दुर्गन्ध पखाल्ने प्रशस्त पानी अब पर्दैछ भनेर !
के...पानी परिरहेको हो ?
पर्दैछ, पर्दैछ !
हो, हो, पर्दैछ !
यसको बारेमा तिनीहरूले खूब ठट्टा गरे, तर पापको दुर्गन्ध यस पृथ्वीबाटै अब पखालिँदै छ, होइन र ?
....ठूलो झरी पनि वर्षिन थाल्यो।
भित्र पस ! भित्र पस !
र परमेश्वरले तिनीहरूले ढोका बन्द गरिदिनुभयो।
उत्पत्ति ७:१६


ओहो...यो हुनसक्तैन !
नाइँ.... नाइँ.... नाइँ !!!
नूहले त भनेकै थियो ! ऊ धर्मी र सबै कुरामा विश्‍वासयोग्य थियो भनी हामीलाई थाहा पनि थियो !
तर पनि जब यसो हुन आयो, तब किन हामीले विश्‍वास गरेनौं ?!?
हामी कतै डाँडातिर जानुपर्छ !
किन अब झन्झट गर्ने ? नूह र उनका छोराहरूले हुन आउनेछ भनेजस्तै हरेक कुरा पूरा भैरहेको छ ।
हरेक कुरा हुन गइरहेकोमा कुनै कारण हुन्छ भनेर यसले प्रमाणित गर्छ...
...र यसको अर्थ हरेक दुष्ट पापीको सर्वनाश नै हो ।
बुबाको आवाज सुने जस्तै यदि तिनीहरूले परमेश्‍वरको आवाज सुनेका भए के तिनीहरू आउँथे होला त ?
तिनीहरूले बुबाको वचनद्वारा परमेश्‍वरको सन्देश सुनेका थिए अनि बुबाको जीवनमा परमेश्‍वरलाई देखेका थिए ।
म हेर्न सक्तिनँ...
यो आवाज...वर्षाको वेग निकै डरलाग्दो छ !
बाहिर कस्तो छ होला ?
आकाशबाट पानी परेर पृथ्वी भरिँदै गइरहेको छ ।
निकै डरलाग्दो छ ।


हामी..
चुप लाग !
चुप लाग भनेको !
क्राक्क
विचार गर त, ती ढोकाहरू बन्द नहुन्जेलसम्म हामीले कुनै पनि बेला छनोट गर्न सक्थ्यौँ ।
मैले भनेको चुप लाग !!!
उफ् !!!
उत्पत्ति ७:११



येपेत, आज कति दिन भयो ?
बाइस दिन ।
तीन दिन अगाडि मात्रै, मैले रूखको टुप्पो देखेको थिएँ, त्यो पक्कै पनि अग्लो पहाडको चुचुरोमा रहेको हुनुपर्छ ।
अब त जताततै पानी मात्र देखिन्छ ।
हामीले यो जहाज छोडेपछि हामीलाई कति गाह्रो पर्छ भन्ने कुरा विचार गरेका छौ ?
हामीलाई पहिलेको भन्दा गाह्रो हुन्छ जस्तो त मलाई लाग्दैन । हामीलाई फेरि जहाज बनाइरहन त पर्दैन नि ।
अनि छिमेकी जाति र गाउँहरूबाट कुनै हिंसात्मक आक्रमणहरूको कुनै डर हामीलाई हुनेछैन !
यी जनावरहरू कति शान्तसित बसिरहेका, मलाई त विश्वासै गर्न गाह्रो भइरहेको छ । मैले एउटा सिंहलाई हामीले ल्याएको भेडाहरूको माभमा सुतिरहेको देखेँ, अनि सिंह र थुमा –
हुस् ! के तिमीले त्यो आवाज सुन्यौ ?
मैले केही पनि सुनिनँ ।
हो हो !
चालीस दिनपछि, पानी पर्न बन्द भयो....


...र एक सय पचास दिनपछि....
यो जहाजमा हामी वर्षौंसम्म रहनुपर्ने संभावनालाई पनि हामीले विचार गर्नुपर्छ है ।
त्यसैकारणले गर्दा होला, परमेश्वरले हामीलाई यति धेरै जनावरहरू दिनुभएको ।
खानलाई ?
मलाई थाहा छ, येपेत, तिम्रो आँखा ती ठूल्ठूला रङ्गीबिरङ्गी चराहरूमाथि छ । योजना नराम्रो छैन ।
मैले संभावनालाई विचार गरेको छु, हाम ।
जनावरहरूलाई खाने बारेमा होइन, हामीले सोचेको भन्दा यो लामो यात्रा हुन सक्छ भन्ने बारेमा ।
हामीले सोचेको भन्दा लामो समय भैरहेको मलाई महसूस भइरहेको छ ।
तर परमेश्वरले हामीलाई जहाजभित्र यतिकै छोडिदिनको लागि जलप्रलयदेखि बचाउनुभएको पक्कै होइन।
हाम्रो खानेकुरा सकिने छैन ।
हामीलाई कति खानेकुरा चाहिन्छ भनेर हामीले हिसाब गरेको कारणले होइन तर मेरो विचारमा परमेश्वरले नै यो गर्नुभएको छ ।
भाइहरू हो, म यस जहाजमा परिवार हुर्काउने विचार गर्न सक्तिनँ ।
के त्यस्तो अवस्था आउला जस्तो तिमीहरूलाई लाग्छ ?
मेरी पत्नीले त त्यस्तो विचार गरेकी छैनन् ।
हाम्रो जीवनकालभरि हामीले जानेको कुरा यही जहाज बनाएको मात्रै हो ।
तिमीहरूको जीवनकालमा तिमीहरूले जानेको एउटै कुरा जहाज थियो भनी के तिमीहरू कल्पना गर्नसक्छौ ?
के...
आहाहा !
हुहुहुहुम् !!!



नूहले कागलाई जहाजबाट बाहिर पठाउँदा जहाज जमिनमाथि रहेको एक सय दिन बढी भैसकेको थियो ।
बुबा,तपाईँले किन त्यसो गर्नुभएको ?
माथि आकाशबाट कागले सुख्खा भूमि भेटाउन सकोस् भनेर । यदि ऊ फर्केर आउँछ भने हामीलाई थाहा हुनेछ कि पानी अझै...
होइन, बुबा, मेरो मतलब,तपाईँले किन कागलाई पठाउनुभएको ? हामीसित एक जोडी कागहरू मात्रै छन्, यदि त्यो एउटालाई केही भइहाल्यो भने ?
ओह्, अँ, ठीक भन्यौ ।
अर्को पल्ट म ढुकुर पठाउनेछु । हामीसित त्यसका सातओटा जोडीहरू छन्...
तर काग पानीमाथि यता र उता मात्रै उड्नसक्यो ।
एक हप्तापछि...
किन फेरि यो झञ्झट, बुबा ? गएको हप्तातपाईँले कागलाई पठाउनुभएको थियो र त्यसबाट केही कुरा पनि थाहा भएन ।
हो, तर म उत्सुक छु । बाहिर के कस्तो भैरहेको छ, म जान्न चाहान्छु । तर ढोका खोल्ने जोखिम चाहिँ म उठाउन सक्तिनँ ।
उत्पत्ति ८:६-९



अर्को हप्ता...
बुबा, तपाईंको विचारमा, के यही समय होला त ?
यी दिनहरूमध्ये एक दिन यो हुनेछ । त्यो मलाई थाहा छ ।
हेर त त्यहाँ, त्यो फर्किंदैछ ।
हो, बुबा, फर्किंदैछ ! तर हेर्नुहोस् त, त्यसको चुच्चोले केही च्यापेको छ !!!
जैतुनको पात !
जैतुनको पात !
नूहले अर्को हप्ता पनि पर्खे, त्यसपछि....
आज, मलाई लागिरहेछ कि यो ढुकुर फर्कनेछैन !
यो चराले आराम गर्ने ठाउँ पाएको छ ! मलाई थाहा छ !
मेरो विचारमा, हामीले अझै लामो समय पर्खिनुपर्छ । हामी र हामीसँग भएका यी जनावरहरूका निम्ति पर्याप्त सुख्खा भूमि नभएसम्म हामीले पर्खिनुपर्छ तर –
–तर केही छैन । कति नै धेरै लामो समय पर्खिनुपर्ला र । बुबा, हामीले यो जहाज बनाउन लागेको समय जति त पर्खिनुपर्दैन होला नि !


उत्पत्ति ८:१०-१२


परमप्रभुले जहाजको ढोका बन्द गरिदिनुभएको तीन सय छयत्तर दिनमा।
छोरा, मेरो विचारमा समय आएको छ।
हाम्रो लागि भूमि तयार भएको छ कि छैन भनी पत्ता लगाउने दिन आजै हो!
म भूमिको लागि तयार छु!
ओहो, नूह! हेर त!!!
...जमिनको सतह सुख्खा भएको थियो।
तब परमेश्वरले भन्नुभयो:
तँ र तेरी पत्नी, र तेरा छोराहरू र तिनीहरूका पत्नीहरू समेत जहाजबाट बाहिर आओ।
उत्पत्ति ८:१४-१५


तँसँग भएका सबै जीवित जिवात्महरूलाई बाहिर लिएर आइज् --चराहरू, जनावरहरू, जमिनमा घस्रने सबै जन्तुहरू ताकि तिनीहरू पृथ्वीमा फल्दै फूल्दै र वृद्धि हुँदै जान सकून् ।

उत्पत्ति ८:१७ -१९


छोराहरू ! हरेक शुद्ध जनावरहरूमध्येबाट एक एकलाई भेला गर !
किन, बुबा ?
तिनीहरू हाम्रा परमेश्वरलाई बलिदान चढाउनुपर्छ ।
अब, आगो लगाओ ।
ढुकुर, बुबा !


फल्दै फुल्दै र वृद्धि हुँदै पृथ्वीमा भरिँदै जाऊ ।
पृथ्वीका सबै पशुहरू र आकाशका सबै पक्षीहरू र जमिनका घस्रने सबै प्राणीहरू र समुद्रका सबै माछाहरूमा तिमीहरूको डर र त्रास हुनेछ ।
तिमीहरूकै हातमा ती सुम्पिएका छन् ।
जीवित जिवात् तिमीहरूकै निम्ति आहारा हुनेछन् ।
मैले हरिया वनस्पति तिमीहरूलाई दिए झैँ सबै थोक म अब तिमीहरूलाई दिनेछु ।
अनि म तिमीहरूको जीवनको रगतको लेखा लिनेछु ।
हरेक पशुबाट म त्यसको लेखा लिनेछु ।
र हरेक मानिसको भाइको हातबाट म मानिसको प्राणको लेखा लिनेछु ।
हरेक जसले मानिसको रगत बगाउँछ, त्यसको रगत मानिसद्वारा नै बगाइनेछ, किनकि उहाँले मानिसलाई परमेश्वरको स्वरूपमा बनाउनुभयो ।
तिमीहरू चाहिँ, फल्दै फूल्दै संख्यात्मक रुपमा पृथ्वीमा वृद्धि हुँदै जाओ ।


बादलमा मैले मेरो इन्द्रेणी राखिदिएको छु र त्यो मेरो र पृथ्वीको बीचमा करारको चिन्ह हुनेछ ।
जहिले जहिले म पृथ्वीमा बादल फिजाउँछु र बादलमा इन्द्रेणी देखापर्छ, तब मेरो र तिमीहरू अनि हरेक किसिमका जीवित प्राणीको बीचमा रहेको करार म सम्झनेछु:
सबै प्राणीलाई नष्ट गर्ने जलप्रलय कहिल्यै हुनेछैन ।
जब बादलमा इन्द्रेणी देखापर्छ, म त्यो हेरेर यो सधैँको करारलाई सम्झनेछु जो परमेश्वर र पृथ्वीका सबै जीवित जिवात्सँग बाँधिएको छ ।
उत्पत्ति ९:११-१७


नूह र तिनका परिवार काममा लागे ।
खेत जोत्दै ।
घरहरू बनाउँदै ।
जनावरहरूको हेरचाह गर्दै ।
नयाँ जीवनको सुरुवात गर्दै ।
एक वा दुई दिनमै सिध्याउन सकिने काम गर्न पाउँदा छुट्टै रमाइलो हुन्छ, कि कसो दाजु भाइ हो ?
पैंतालीस फिट मचानमाथि उक्लिने कामबाट मुक्त भएर यो काम गर्दा रमाइलो लागिरहेको छ !
यदि तिमीहरूले राम्ररी विचार गर्‍यौं भने हामीले जहाज निर्माण गरे जस्तै यो तम्बु बनाउने कारण छ : पानीबाट जोगिनको लागि !
र नूहले दाखबारी लगाए ।
दाखमद्य पिउँदा पिउँदै उनी मात्तिए ।
रमरम्
राम्रो, मीठो ।

उत्पत्ति ९:२०-२१


बुबा ?
आमाले तपाईँलाई–
हे, बुबा !
ती चराहरू यतै वरिपरि रहलान् भनी मैले आशा गरेको थिएँ ।
तिनीहरूको मासु राम्रो हुन्छ जस्तै देखिन्थे, तर तिनीहरू अरू जनावरहरूसँगै गए ।
हाम, कुरो के हो ?
बुबालाई नै सोध न !
उहाँले लगाउनुभएको दाखबारीले प्रशस्त उब्जनी दियो, र अहिले हाम्रा बुबा दाखमद्य पिएर मात्तिनुभएको छ !
अहिले उहाँ आफ्नो पालमा उहाँ जन्मिएको दिन जस्तै नाङ्गै सुतिरहनुभएको छ !
तिमी आफै गएर हेर !


उत्पत्ति ९:२२


भाइ, आदम र हव्वाले पाप गरिसकेपछि तिनीहरूले महसूस गरेको पहिलो कुरा आफ्नोनाङ्गोपन थियो भन्ने विचार मेरो मनमा आइरहेछ ।
तर बुबा त.... उहाँ आफ्नो पुस्तामा एउटै धर्मीजन हुनुहुन्थ्यो !
दुष्टताबाट मानवजातिलाई बचाउन चुनिएको व्यक्तित्वले नै परमेश्वरलाई दुःखित तुल्याइदियो !
भाइ, धेरै पापीहरू मरेर गएतापनि पाप चाहिँ गएन ।
हामी अझै बाँचेका छौं !
उहाँलाई नहेर, येपेत । हामीले उहाँको शर्मलाई हेर्न आवश्यक छैन ।
के – के भयो ?
शेमको खास्टो किन ममाथि ?
बूढा,तपाईँ रक्सीले मात्तिनुभएको थियो र यहाँ नाङ्गै बेहोशी अवस्थामा हुनुहुन्थ्यो ।
तपाईँका छोराहरूलेतपाईँलाई देखे – हामीले तपाईँलाई देख्यौ र घिनाएर गए, तरतपाईँका अर्का दुई छोराहरूले तपाईँलाई खास्टोले ढाकेर गए ।
हाम ? हाम ? मलाईनाङ्गै छोडेर गएकोमा त्यो श्रापित होस् !
शेम र येपेतले मलाई सहायता गरेकोमा परमेश्वरले तिनीहरूलाई आशिष दिनुभएको होस् !
हाम सबैको दास होस् ! परमेश्वरले अरू दुई जनालाई उच्च पारून् !
ए बूढा, हामीले तपाईँको हातमा दाखमद्यको भाँडो राखिदिएको होइन त ।
आफूले नै चाल पाउन नसक्ने गरीतपाईँलाई पिउन लगाएको होइन त हामीले । अनि हामीलेतपाईँको कपडा फुकालेको पनि त होइन ।
यत्रो घटना भएर हामी गुज्रायौँ तर कति चाँडै मेरो आफ्नैछोरा र मैले गलत कुरा छनोट गरिसक्यौँ !

उत्पत्ति ९:२३–२७


नूहका परिवार बढ्न थाले। उनका छोराहरूका आफ्नै छोराहरू भए।
बुबा!
छोरा भयो! हामी यसको नाउँ अराम राख्नेछौँ।
मेरी पत्नी ठीकै छिन्, अरू स्त्रीहरूले तिनको हेरविचार गर्दैछन्।
तर मतपाईँले आफ्नो पहिलो नाति हेर्नुभएको होस् भन्ने चाहान्छु!
अराम।
एउटा दुष्ट पुस्ता गयो तर दुष्टता, हाम्रो दुष्टता, गएको छैन।
पृथ्वीलाई जलप्रलयद्वारा फेरि नाश गर्नेछैन भनी परमेश्वरले हामीसित करार बाँध्नुभएको छ।
हाम्रा भविष्यका पुस्ताहरूको पापलाई धुनका लागि परमेश्वरले उनीहरूसित कस्तो प्रकारको करार बाँध्नुहुनेछ होला भनी म सोचिरहेको छु।
अनि यिनै परिवारहरूबाट जलप्रलयपछि पृथ्वीभरि कुल र जातिहरू फैलँदै गयो.....

उत्पत्ति ९:१९,२८


जलप्रलयपछि नूह अरु ३५० वर्षसम्म बाँचे ।
जलप्रलयपूर्वको वातावरणमा, कम्तीमा दुई कारणहरूले गर्दा लामो आयु सामान्य थियो ।
पहिलो कारण, मानिसहरू पहिलो मानिस र स्त्रीको आनुवंशिक सिद्धताको नजीके थिए ।
दोस्रो कारण, जलप्रलयपूर्वको वातवरण सम्भवत ग्रीनहाउस जस्तै थियो अर्थात् पानीले पूरै पृथ्वीलाई छत जस्तै ढाकेको कारणले घामबाट आउने हानिकारक किरणहरूलाई यसले छेकेको कारण यसले वनस्पति र जनावरहरूको निम्ति अनुकूल वातवरण उपलब्ध गराएको थियो ।
जलप्रलय पश्चात्को पृथ्वी वातावरण भिन्दै थियो । भौगोलिक स्थितिमा परिवर्तन आइसकेको थियो तर भूमिले खेतीपातीको काम गर्ने अवसर उपलब्ध गराउँदै थियो ।
पृथ्वीमा वृद्धि हुँदै जाऊ भन्ने परमेश्वरको आज्ञालाई नूहका छोराहरूले पालन गरे र तिनीहरूका आफ्ना छोराछोरीहरू भए ।

उत्पत्ति ९:२८




उत्पत्ति १०:८–११:४


हामी माथि शासन गर्नका लागि हामीलाई परमेश्वरको कुनै आवश्यकता छैन, नता हामीलाई मेरा जिजु हजुरबुबा नूहको प्राचीन नीति नियमहरूको नै आवश्यकता पर्नेछ ।
यो ठूलो सहर पृथ्वीको केन्द्र हुनेछ । सबै मानिसहरू यहाँ आराधना गर्न आउनेछन् ।
उनी परमेश्वर हुन् ।
र निम्रोदले हामीमाथि शासन गर्नेछन् ।
उहाँ नै हाम्रो शासक र उच्च पूजाहारी हुनेछन् ।
महान् निम्रोद ।
यसरी आराधनाको यो नयाँ केन्द्रमा निर्माण काम सुरु भयो ।
तिनीहरूले स्वर्गसम्मै पुग्ने एउटा ठूलो धरहरा बनाउन थाले ।
संभवतः यो एउटा विशाल संरचना थियो जहाँबाट तिनीहरूले सृष्टिकर्ताको सट्टामा ताराहरू तथा सृष्टि गरिएका थोकहरूको पूजा गर्न सक्थे ।


मानिसहरूको सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो ।



उत्पत्ति ११:५


मानिसहरू यसरी एकजुट भएर यस्तो काम गर्न थालेका हुन् भने तिनीहरूका लागि कुनै काम असम्भव हुनेछैन ।
हामी तिनीहरूको भाषा खलबल पारिदेऔँ र तिनीहरूले एक अर्काको भनाई नबुझून् ।
फिएरी दे प्लेस पुर ड्युटेस ए रिगाडर लेस एस्तोइलेस दिउ ।
वाज साग्स् डु इडियट ?
नु पोट सा इन्टेलेग से स्पुनी ?
त्यो अनौठो भाषा नबोल त-मेरो सामुबाट गइहाल !
के भइरहेको छ यहाँ, के ? तिमी मेरो कुरा बुझ्दैनौ ?
जसले नयाँ भाषाहरू बोले, तिनीहरूले मात्रै एक अर्कालाई बुझ्न सके ।
परिणाम स्वरुप, धरहरा बनाउने काम रोकियो र मानिसहरू परमेश्वरले चाहनुभएझैँ पृथ्वीभरि छरपष्ट भए ।
उत्पत्ति ११:६–८